# बडीकेदार गाउँपालिका

# शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना -२०८३

## Education Sector Disaster Preparedness and Response Plan 2083

**बडीकेदार गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**खड्यौली**

**सुदुरपश्चीम प्रदेश, नेपाल**

| | |
|---|---|
| दस्तावेज | : बडीकेदार गाउँपालिकाको शिक्षा क्षेत्रको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३ |
| प्रकाशक | : बडीकेदार गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय खड्यौली,डोटी |
| सर्वाधिकार | : बडीकेदार गउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, खड्यौली डोटी |
| तयार गरेको मिति | : २०८३ साल ०५ महिना ०८ गते |
| प्रकाशन मिति | : २०८३/०५/०९ |
| इमेल | : doti.badikedar@gmail.com |
| वेवसाइट | : www.badikedarmun.gov.np |
| आर्थिक तथा प्राविधिक सहयोग | : बहुउद्देशीय विकास समाज, डडेल्धूरा र बडीकेदार गाउपालिका डोटीको साझेदारिमा संचालित बृहत विद्यालय सुरक्षा योजना परियोजना |
| सहजीकरण | : बहुउद्देशीय विकास समाज, डडेल्धूरा |

## विषय सूची-

परिच्छेद १: परिचय.......... १

१.१ पृष्ठभूमि.......... १
१.१.१ भौगोलिक अवस्थिति .......... १
१.१.२ शैक्षिक परिवेश .......... २
१.२ योजनाको लक्ष्य, उद्देश्य र अपेक्षित प्रतिफल.......... ३
१.३ योजना तर्जुमा प्रक्रिया तथा कार्यान्वयन.......... ४

परिच्छेदः २ शिक्षा क्षेत्रमा प्रकोप, सङ्कटासन्नता र जोखिम विश्लेषण.......... ६

२.१ समग्र विपद् तथा जलवायु जोखिम.......... ६
२.२ विद्यालयको विपद् सङ्कटासन्नता.......... ७
२.३ विद्यार्थीको विवरण.......... ८
२.४ शिक्षकको विवरण.......... ९
२.५ शिक्षा क्षेत्रका कर्मचारीको विवरण.......... १०
२.६ शिक्षण सामग्रीको लेखाजोखा.......... १०

परिच्छेद ३: विपद्को परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य योजना.......... १२

३.१ भूकम्प .......... १२
३.१.१ विपद परिदृष्य १: बडीकेदार गाउँपालिकामा भूकम्प.......... १२
३.१.२ भुकम्पको घटना विवरण .......... १२
३.१.३ भुकम्पले शिक्षा क्षेत्रमा परेको असर.......... १२
३.१.४ भुकम्पको प्रतिकार्य रणनीति.......... १३
३.१.५ भुकम्प विपदको प्रतिकार्य गर्न आवश्यकता र विद्यमान क्षमता विश्लेषण .......... १४
३.१.६ भुकम्प विपद परिदृश्यका लागि शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना .......... १७
३.१.६.१ आधारभुत र सामान्य पूर्वतयारी कार्ययोजना (GENERAL PREPAREDNESS).......... १७
३.१.६.२ भूकम्पको सामान्य पूर्वतयारी कार्ययोजना कार्यान्वयन गर्न स्रोत व्यवस्थापन.......... १९
३.१.६.३ भुकम्प विपद परिदृश्यको प्रतिकार्य (कार्यविधि) योजना .......... १९
३.१.६.४ भूकम्प विपदको लागि शिक्षा निरन्तरता योजना.......... २०
३.१.६.५ भुकम्पको अनपेक्षित विपद् परिस्थितिको लागि भैपरी योजना .......... २०
३.१.६.६ भुकम्प विपद् प्रतिकार्यमा लैङ्गिक, सामाजिक एवं समावेशिता र अपाङ्गता भएकाहरूको विशिष्ट आवश्यकताको सम्बोधन गर्न क्रियाकलाप र रणनीति.......... २१
३.१.६.७ सञ्चार तथा पैरवी योजना.......... २१
३.२ बाढी पहिरो.......... २२

३.२.१ विपद परिदृष्य-२ः बडीकेदार गाउँपालिकामा बाढी पहिरो ........ २२
३.२.२ बाढी पहिरोको घटना विवरण ........ २२
३.२.३ बाढी पहिरोबाट शिक्षा क्षेत्रमा परेको असर ........ २६
३.२.४ बाढी पहिरो विपद को प्रतिकार्य रणनीति ........ २६
३.२.५ बाढी पहिरो विपदको प्रतिकार्य गर्न आवश्यकता र विद्यमान क्षमता विश्लेषण ........ २८
३.२.६ बाढी पहिरो विपद परिदृश्यका लागि शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना ........ ३१
३.२.६.१ आधारभुत र सामान्य पूर्वतयारी कार्ययोजना (GENERAL PREPAREDNE) ........ ३१
३.२.६.३ बाढी पहिरो मनसूनजन्य विपदको सामान्य पूर्वतयारी कार्ययोजना कार्यान्वयन गर्न स्रोत व्यवस्थापन ........ ३३
३.२.६.४ बाढी पहिरो मनसूनजन्य विपदको प्रतिकार्य (कार्यविधि) योजना ........ ३४
३.२.६ ५.बाढी पहिरो मनसूनजन्य विपदको प्रतिकार्य समयमा शिक्षा निरन्तरताको लागि योजना ........ ३५
३.२.६ ६.बाढी पहिरो मनसूनजन्य विपदको अनपेक्षित परिस्थितिको लागि भैपरी योजना ........ ३५
३.२.६.७ बाढी पहिरो मनसूनजन्य विपद् प्रतिकार्यमा लैङ्गिक, सामाजिक एवं समावेशिता र अपाङ्गता भएकाहरूको विशिष्ट आवश्यकताको सम्बोधन गर्न क्रियाकलाप र रणनीति ........ ३६
३.२.६योजना पैरवी तथा सञ्चार ८. ........ ३६
३.३ हावाहुरी ........ ३७
३.३.१ परिदृश्य-३ बडीकेदार गाउँपालिकामा हावाहुरी ........ ३७
३.३.२ हावाहुरीको घटनाको विवरण ........ ३७
३.३.३ हावाहुरीबाट शिक्षा क्षेत्रमा परेको असर ........ ३७
३.३.४ हावाहुरीको प्रतिकार्य गर्न स्रोतसाधनको आवश्यकता र विद्यमान क्षमता विश्लेषण ........ ३७
३.३.५ हावाहुरी विपद परिदृश्यको लागि शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना ........ ४१
३.३.५.१ आधारभुत र सामान्य पूर्वतयारी कार्ययोजना (GENERAL PREPAREDNESS) ........ ४१
३.३.५.२ मौसम पुर्बानुमानमा आधारित पूर्व कार्ययोजना ........ ४२
३.३.५.३ हावाहुरी विपद प्रतिकार्य कार्ययोजना ........ ४२
३.३.५.४ आपतकालिन समयमा शिक्षा निरन्तरताको योजना ........ ४२
३.३.५.५ हावाहुरी विपदका लागि भैपरी योजना ........ ४३
३.३.५.६ सामाजिक एवं समावेशिता तथा अपाङ्गता भएका विद्यार्थीहरूको आवश्यकता सम्बोधन ........ ४३
३.३.५.७ हावाहुरी विपदका लागि सन्चार तथा पैरवी योजना ........ ४३

परिच्छेद ४ः कृत्रिम घटना अभ्यास तथा योजनाको परीक्षण ........ ४४

४.१ कृत्रिम घटना अभ्यास ........ ४४
४.२ कृत्रिम घटना अभ्यास कार्यतालिका ........ ४४
४.३ कृत्रिम घटना अभ्यासका लागि सन्दर्भ सामग्री ........ ४६

परिच्छेद ५ः समन्वय र सहकार्य ........ ४७

५.१ संघ, प्रदेश, जिल्ला र स्थानीय तह शिक्षा समुहहरुसंगको समन्वय र सहकार्य........................... ४७
५.२ अन्तर-विषयगत तथा अन्तर-निकायगत समन्वय र सहकार्य................................................ ४७

परिच्छेद ६: सूचना व्यवस्थापन, सञ्चार तथा पैरवी................................................................ ४९

६.१ सूचना व्यवस्थापन...................................................................................... ४९
६.२ सञ्चार तथा पैरवी रणनीति .............................................................................. ४९

परिच्छेद ७: अनुगमन र समीक्षा........................................................................... ५०

७.१ संयन्त्र अनुगमन र कार्यसूची.............................................................................. ५०
७.२ अनुगमन र मूल्याङ्कन कार्ययोजना........................................................................ ५०
७.३ योजनाको समीक्षा र परिमार्जन............................................................................ ५१

सन्दर्भ सामग्री ................................................................................................ ५२

अनुसूचीहरू.................................................................................................... ५३

तालिका सूची


तालिका १. जनसंख्या विवरण ........................................ २

तालिका २. विद्यालय,शिक्षक र विद्यार्थी विवरण ........................................ ३

तालिका ३. विपद् जोखिमका रहेका  विद्यालय विवरण ........................................ ७

तालिका ४. तहगत र लिङ्गका आधारमा विद्यार्थी विवरण ........................................ ८

तालिका ५. उमेर र अपाङ्गताका आधारमा विद्यार्थी विवरण ........................................ ९

तालिका ६. शिक्षक विवरण ........................................ ९

तालिका ७. शिक्षा क्षेत्रका कर्मचारी विवरण ........................................ १०

तालिका ८. शिक्षा क्षेत्रका लागि आपतकालीन सामग्रीको न्युनतम भण्डारण ........................................ ११

तालिका ९. भुकम्प विपदको प्रतिकार्य गर्न आवश्यकताको विवरण ........................................ १४

तालिका १०. भुकम्प विपदको प्रतिकार्य गर्न उपलव्ध र अपुग क्षमता विवरण ........................................ १५

तालिका ११. आधारभूत तथा सामान्य पूर्वतयारी कार्ययोजना ........................................ १७

तालिका १२. भुकम्प विपदको प्रतिकार्य योजना ........................................ १९

तालिका १३. भुकम्प विपद्को लागि  शिक्षा निरन्तरता योजना ........................................ २०

तालिका १४. भुकम्प विपद्को लागि भैपरी योजना ........................................ २०

तालिका १५. भुकम्प विपद्को विशिष्ट आवश्यकताका योजना ........................................ २१

तालिका १६. भुकम्प विपद्को पूर्वतयारी चरणमा सञ्चार तथा पैरवी योजना ........................................ २१

तालिका १७. भुकम्प विपद्को आपत्कालीन अवस्थामा सञ्चार तथा पैरवी योजना ........................................ २२

तालिका १८. बाढी पहिरो विपदको ऐतिहासिक घटना विवरण ........................................ २२

तालिका १९. बाढी पहिरो विपद प्रतिकार्य गर्न आवश्यकताको विवरण ........................................ २८

तालिका २०. बाढी पहिरो विपद प्रतिकार्य गर्न उपलव्ध र अपुग क्षमता विश्लेषण ........................................ २९

तालिका २१. आधारभूत र सामान्य पूर्वतयारी कार्ययोजना ........................................ ३१

तालिका २२. मौसम पूर्वानुमानमा आधारित पूर्व कार्ययोजना ........................................ ३२

तालिका २३. बाढी पहिरो मनसूनजन्य विपदको  प्रतिकार्य योजना ........................................ ३४

तालिका २४. बाढी पहिरो मनसूनजन्य विपदको अवस्थामा शिक्षा निरन्तरता योजना ........................................ ३५

तालिका २५. बाढी पहिरो मनसूनजन्य विपदको लागि भैपरी योजना ........................................ ३५

तालिका २६. बाढी पहिरो मनसूनजन्य  विपद्को अवस्थामा विशिष्ट आवश्यकताका योजना ........................................ ३६

तालिका २७. बाढी पहिरो मनसूनजन्य  विपद्को अवस्थामा विशिष्ट आवश्यकताका योजना ........................................ ३६

तालिका २८. बाढी पहिरो आपत्कालीन अवस्थामा सञ्चार तथा पैरवी योजना ........................................ ३६

तालिका २९. हावाहुरीको प्रतिकार्य गर्न आवश्यकताको विवरण ............................................ ३७
तालिका ३०. हावाहुरीको प्रतिकार्य गर्न उपलव्ध र अपुग क्षमता विश्लेषण .................................. ३९
तालिका ३१. आधारभुत तथा सामान्य प्रतिकार्य कार्ययोजना.................................................. ४१
तालिका ३२. कृत्रिम घटना अभ्यास कार्यतालिका.......................................................... ४४
तालिका ३३. अनुगमन तथा मुल्याङ्कन कार्ययोजना.......................................................... ५०

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

### १.१.१ भौगोलिक अवस्थिति

नेपालको सुदुरपश्चिम प्रदेश अन्तर्गत डोटी जिल्लामा पर्ने बडीकेदार गाउँपालिका नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७३ साल फाल्गुन २७ गतेको निर्णयानुसार गठन भएको ९ वटा स्थानीय तहहरु मध्ये एक हो । साविकका ४ वटा गाउँ विकास समितिहरूलाई एक आपसमा मिलाएर पाँच वटा वडामा विभाजन गरी गाउँपालिकाको संरचना तयार पारिएको हो। राष्ट्रिय जनगणना २०७८ अनुसार बडीकेदार गाउँपालिकामा जम्मा जनसंख्या १४९०२ रहेको छ।

कृषि, पर्यटन र पशुपालनको उच्च सम्भावना रहेको यस बडीकेदार गाउँपालिकाको विपिनगर, बर्छैन, खड्यौली, अत्तरकाँडा र रन्तोला बजारलाई मुख्य व्यापारिक केन्द्र मानिन्छ। यस बडीकेदार गाउँपालिकामा क्षेत्री जातिको बाहुल्यता (४८.९%) रहेको पाईन्छ भने अन्य जातिहरु क्रमसः मगर, मिजार, ठकुरी र वि क जातिको बसोबास रहेको छ । मुख्यतया ब्यापार र कृषि उत्पादनलाई मुख्य अम्दानीको स्रोत मानिने यस बडीकेदार गाउँपालिकाका मानिसहरू कृषिका अतिरिक्त सरकारी सेवा तथा केही मानिसहरू ज्याला मजदुरीमा काम गर्नका निमित्त भारत लगायतका विभिन्न मुलुकहरूमा जाने गरेको पाइन्छ। समृद्ध बडीकेदार पर्यटन कृषि र पूर्वाधार भन्ने मुल नारा बोकेको यस बडीकेदार गाउँपालिकाले सरकारी निकायका विभिन्न विषयगत कार्यालयहरू तथा गैरसरकारी संघ संस्थाहरू संग समन्वय र सहकार्य गर्दै कार्यक्रम संचालन गर्ने र अघि बढने नीति लिएको छ।

राजनीतिक हिसाबले यस बडीकेदार गाउँपालिका डोटी जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं.१ तथा प्रदेश सभा निर्वाचन क्षेत्र २ अन्तर्गत पर्दछ। विश्व मानचित्रमा यसको फैलावट २६ डिग्री २१ मिनेट उत्तरी अक्षाशं देखि २९ डिग्री ७ मिनेट उत्तरी अक्षाशंसम्म र ८० डिग्री २१ मिनेट पूर्वी देशान्तर देखि ८० डिग्री २१ मिनेट पूर्वी देशान्तर ८० डिग्री १ मिनेटसम्म रहेको छ। यो बडीकेदार गाउँपालिका समुद्र सतहवाट २९०० मिटरसम्मको उचाईमा रहेको यस बडीकेदार गाउँपालिकाको क्षेत्रफल ३३२.५५ वर्ग कि.मि. रहेकोछ । यस बडीकेदार गाउँपालिकाको उत्तरमा शिखर नगरपमलिका, के.आई. सिह गाउँपालिका, बोगटान फुडसिल गाउँपालिका, दक्षिणमा कैलाली जिल्ला छ भने पश्चिममा जोरायल गाउँपालिका र कैलाली जिल्ला, पुर्वमा बोगटान फुडसिल गाउँपालिका रहेको छ। धार्मिक एवम् साँस्कृतिक शक्तिपीठहरु, मौलिक संस्कति र प्राकृतिक सम्पदाले भरिपूर्ण रहेकाले बडीकेदार गाउँपालिकाले पर्यटनको प्रचूर सम्भावना बोकेको छ। प्रकृतिको अनुपम नमूनाको रुपमा जैविक विविधता तथा प्राकृतिक सम्पदाले भरिपूर्ण र विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बीहरुको साझा बसोबासको रुपमा रहेको छ।

यस बडीकेदार गाउँपालिका भित्र जम्मा २९०५ घरधुरी रहेका छन्। यस बडीकेदार गाउँपालिकाको वडागत घरधुरी संख्या र जनसंख्यालाई निम्नानुसार तालिकामा देखाइएको छ।

**तालिका १. जनसंख्या विवरण**

| वडा नं. | साविक गा.वि.स. | साविक गा.वि.स. वडाहरु | घरधुरी संख्या | जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|---|---|
| १ | बर्छेन | १,५-७, ९ | ५२२ | २५६६ | १२४४ | १३२२ |
| २ | बर्छैन | २-४,८ | ५०५ | २५२० | १२५५ | १२६५ |
| ३ | घाङ्गल | १-९ | ६६० | ३८८९ | १६३१ | १६७४ |
| ४ | मान्नाकापडी | १-९ | ६१६ | ३३२९ | १६१८ | १६१६ |
| ५ | लानाकेदारेश्वर | १-९ | ६०२ | ३२९५ | १६२९ | १६४८ |
| **जम्मा** | | | **२९०५** | **१४९०२** | **७३७७** | **७५२५** |

*श्रोतः राष्ट्रिय जनगणना, २०७८*

### १.१.२ शैक्षिक परिवेश

संघीय संरचना अनुसार जम्मा ५ वटा वडामा विभाजन भएको यस बडीकेदार गाउँपालिकामा हाल ३८ वटा सामुदायिक विद्यालयहरू रहेका छन भने जम्मा ३८ वटा सामुदायिक विद्यालयहरू मध्ये २९ वटा विद्यालयहरू आधारभूत तह (कक्षा १-८) र ९ वटा विद्यालयहरु माध्यामिक तह (कक्षा १-१२) सम्म पठनपाठन संचालन हुने गरेकोछ । एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक भएको शैक्षिक सत्र २०८३ को तथ्याङ्क अनुसार सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको संख्या १९७७ जना छात्र र १८६८ जना छात्रा गरी जम्मा ३८४५ जना विद्यार्थी रहेका छन् ।

यस्तै यस बडीकेदार गाउँपालिका भित्र सामुदायिक विद्यालयमा आधारित जम्मा ५० वटा बालविकास केन्द्रहरू रहेका छन् जस्मा ३२३ छात्र र ३२७ छात्रा गरी जम्मा ६५० जना बालबालिकाहरू अध्ययनरत छन् उक्त बालविकास केन्द्रमा जम्मा ५४ जना बालविकास सहजकर्ताहरू कार्यरत छन ।

साथै यस बडीकेदार गाउँपालिका अन्तर्गत ५० वटा सामुदायिक विद्यालयहरू मध्ये आधारभूत तहमा १८८ जना शिक्षक र माध्यमिक तहमा २५ जना गरी जम्मा २१३ जना शिक्षकहरू र ५१ जना विद्यालय कर्मचारीहरु कार्यरत छन ।

यस बडीकेदार गाउँपालिका अन्तर्गत वडा नं. १ को विपिनगरमा उच्च शिक्षा अध्ययनका लागि त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त केदार सूर्य बहुमुखी क्याम्पस पनि रहेको छ उक्त क्याम्पसमा शिक्षा शास्त्र, मानविकी र व्यवस्थापन संकाय अन्तर्गत ४ वर्षे र ३ वर्षे स्नातक तह र शिक्षा शास्त्र, मानविकी संकाय तर्फ स्नातकोत्तर तहको पठनपाठन हुदै आएको छ । साथै बडीकेदार गाउँपालिका वडा नं २ मा रहेको श्री बर्छैन माध्यमिक विद्यालयमा CTEVT मार्फत प्राविधिक शिक्षा तर्फको ३ वर्षे सिभिल सब इन्जिनियरिङ् कार्यक्रम

सञ्चालित छ। यस गाउँपालिका भित्र जम्मा ४ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन्। यस बडीकेदार गाउँपालिका भित्रका विद्यालय, शिक्षक, कर्मचारी र विद्यार्थीहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका २. विद्यालय**

| तह | कक्षा | सामुदायिक | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| **प्रारम्भिक बालविकास** | बालविकास केन्द्र | ४० | १० | ५० | ९ वटा गा.पा. |
| **आधारभूत तह** | कक्षा १-३ | ७ | ० | ७ | २९ |
| | कक्षा १–५ | ९ | ० | ९ | |
| | कक्षा १–८ | १३ | ० | १३ | |
| **माध्यमिक तह** | कक्षा १–१० | ५ | ० | ५ | ९ |
| | कक्षा १–१२ | ४ | ० | ४ | |
| **जम्मा विद्यालयहरु** | | ३८ | ० | ३८ | ३८ |
| उच्च शिक्षा र प्राविधिक शिक्षा तर्फ | डिप्लोमा इन सिभिल इन्जिनियर | | १ | १ | २ |
| | स्नातक तह ( क्याम्पस) | | १ | १ | |
| **सामुदायिक सिकाई केन्द्र** | | ४ | ० | ४ | ४ |

**शिक्षक र विद्यार्थी विवरण**

| क्र.सं. | विवरण | संख्या | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|
| १ | शिक्षक | २१३ | २१३ | ० | २१३ |
| २ | विद्यार्थी | ३८४५ | ३८४५ | ० | ४१४९ |
| ३ | विद्यालय कर्मचारी | ५१ | ५१ | ० | ५१ |
| ४ | बालविकास सहजकर्ता | ५४ | ५४ | ० | ५४ |

स्रोतः IEMIS 2083

## १.२ योजनाको लक्ष्य, उद्देश्य र अपेक्षित प्रतिफल

प्राकृतिक प्रकोप बाट यस बडीकेदार गाउँपालिका क्षेत्र अन्तर्गतका बिद्यालय तथा बालबालिकाहरुमा हुन सक्ने संभावित क्षतिलाई न्यूनिकरण र पुर्नलाभको अवस्था सुनिश्चतता गरी विपद्को प्रतिकुल प्रभावको सामना गर्न स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै विभिन्न निकायहरुसँग समन्वय गरी प्रभावित बिद्यालयलाई व्यवस्थित, प्रभावकारी, जाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउन यस योजना निर्माण गर्नुको मूल उद्देश्य हो।

**लक्ष्यः (क)**

विपदका कारण अवरुद्ध भएको पठनपाठन र सिकाईलाई सुचारु गरी शिक्षा क्षेत्रमा विपदको प्रभाव कम गर्नु ।

**(ख) उद्देश्यहरु :**

यस योजनाको समग्र उद्देश्य बडीकेदार गाउँपालिकाको शिक्षा क्षेत्रमा विपद् पूर्वतयारी गरी आपत्कालीन अवस्थामा बालबालिकाहरुका लागि सुरक्षित वातावरणमा सिकाइ निरन्तरता गर्नु हो । यसका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्-:

१. सम्भावित विपद् तथा संकटको पूर्वसावधानी र पूर्वतयारी गर्नु,

२. विपद पछिको १५ दिन भित्रमा बालबालिका र शिक्षकहरुको दैनिकीलाई सामान्य अवस्थामा पुनर्स्थापना गरि पठनपाठन निरन्तर गर्नु,

३. बालबालिकाहरुलाई सुरक्षित वातावरणमा वैकल्पिक माध्यमबाट पठनपाठनलाई निरन्तर गर्नु,

४. सिकाइको समावेशी ढाँचामा गुणस्तरीय शिक्षाका अवसरहरूमा निरन्तर पहुँच सुनिश्चित गर्नु,

५. बालबालिकाको उमेर साथै शारीरिक, मानसिक अवस्था अनुसार प्रभावकारी रूपमा विपद्को सामना गरी आफ्नो जीउधनको रक्षा गर्न उपयुक्त सिप, स्रोतसाधन, शिक्षण एवं सिकाइ वातावरण, मनोसामाजिक परामर्श, शैक्षिक सामग्री साथै स्वास्थ्य र सरसफाइको माध्यमबाट समुदायको विपद् उत्थानशीलता विकास गर्नु ।

**अपेक्षित प्रतिफलः (ग)**

यस योजनाको कार्यान्वयनबाट देहायका प्रतिफल हासिल हुने अपेक्षा गरिएको छः-

१. स्थानीय तहबाट विपद् प्रतिकार्य भई विपद् पश्चात् सुरक्षित वातावरणमा बालबालिकाको पठनपाठन सुचारु भएको हुनेछ,

२. स्थानीय तहका सम्बन्धित निकाय, समुदाय तथा सरोकारवालाहरूको विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता सुदृढ भएको हुनेछ,

३. सबै प्रकारका विपद्बाट शिक्षा क्षेत्रमा हुने प्रभाव न्यून गर्न र सुरक्षित वातावरणमा पठनपाठनलाई निरन्तरता दिन शिक्षा क्षेत्रको उत्थानशील क्षमता अभिवृद्धि भएको हुनेछ ।

४. आपत्कालीन अवस्थामा बालबालिकाहरुमा हुन सक्ने जोखिमहरु शोषण ,दुरुपयोगयौन शोषण ,हिंसा , जस्ता अवान्छित क्रियाकलापमा कमी भएको र सुरक्षित वाताबरण सृजना भएको हुनेछ ।

## १.३ योजना तर्जुमा प्रक्रिया तथा कार्यान्वयन

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह परिचालन कार्यविधि, २०८० बमोजिम बडीकेदार गाउँपालिकामा शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अति आवश्यक भएको आधारमा यो दस्तावेज तर्जुमा गरिएको हो । बडीकेदार गाउँपालिका शिक्षा समुह, स्थानीय विपद् जोखिम न्यूनीकरण तथा

व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षा सरोकारबालाहरुको सहभागितामा शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८३ तर्जुमा गरिएको हो । यस योजनालाई हरेक वर्ष पुनरावलोकन गरी अद्यावधिक गरिनेछ ।

**योजना तर्जुमा प्रक्रिया**

**चरण-१ : समन्वय र प्रारम्भिक तयारी**

- स्थानीय शिक्षा समूह गठन, नीतिगत दस्तावेज पुनरावलोकन,समय निर्धारण र सहभागी पहिचान

**चरण-२: संकटासन्नाटा तथा जोखिम विश्लेषण**

⑩तथ्यांकीय सूचना संकलन, विपद परिदृश्य तयारी र छनौट

⑩विपद परिदृश्य अनुसारको स्रोत साधनको आवश्यता विश्लेषण

⑩विपद परिदृश्य अनुसारको उपलव्ध र अपुग स्रोत साधन र क्षमताको विश्लेषण

**चरण-३: योजना तर्जुमा (Planning)**

⑩प्राप्त तथ्यांकीय सूचना, निष्कर्ष र पहिचान गरिएका परिदृश्यका आधारमा शिक्षा क्षेत्रको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना मस्यौदा तयार

**चरण-४ : अनुमोदन (Validation)**

⑩ शिक्षा क्षेत्रको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना मस्यौदाको सारांश प्रस्तुतीकरण र सरोकारवालाहरुबाट सुझाव,प्रतिकृया र सिफारिस संकलन

⑩संकलित सुझावका आधारमा आवश्यक संशोधन र परिमार्जन गरि शिक्षा क्षेत्रको विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको अन्तिम मस्यौदा तयार

**चरण-५: स्वीकृत, कार्यान्वयन, र अध्यावधिक**

⑩स्थानीय शिक्षा समूह मार्फत कार्यपालिका बैठकमा पेश, स्वीकृत, प्रकाशन र कार्यान्वयन तथा अध्यावधिक

**चित्र-१: योजना तर्जुमा प्रक्रिया**

स्रोत: विपद पूर्वतयारी तथा प्रतिकर्यका लागि नेपाल शिक्षा समूह (गठन तथा संचालन) निर्देशिका-२०८०

**योजना कार्यान्वयन प्रक्रिया**

| | |
|---|---|
| **चरण १** | योजनालाई बडीकेदार गाउँकार्यपालिकाबाट स्वीकृत भए पछि क्रियाकलापमा तोकिएका शाखा तथा कार्यालयहरुबाट कार्यान्वयन गर्ने |
| **चरण २** | योजनाका क्रियाकलापहरू पालिकास्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा एकीकृत गर्न पेश गर्ने, |
| **चरण ३** | योजना कार्यान्वयनको आवधिकरूपमा अनुगमन र मूल्याङ्कन गर्ने र |
| **चरण ४** | योजनालाई हरेक वर्ष अद्यावधिक गर्ने |

# परिच्छेदः २ शिक्षा क्षेत्रमा प्रकोप, सङ्‌कटासन्नता र जोखिम विश्लेषण

## २.१ समग्र विपद् तथा जलवायु जोखिम

नेपाल विपद्का दृष्टिले विश्वका उच्च जोखिमयुक्त मुलुकहरु मध्येको एक हो। नेपालमा भौगर्भिकजन्य, जलजन्य, हावापानीजन्य, मौसमजन्य, जैविकजन्य दुर्घटनाजन्य, प्रदुषणजन्य जस्ता धेरै प्रकोपहरूले असर पारेको देखिन्छ र जलवायु परिवर्तनले यी प्रकोपको जोखिमलाई प्रत्यक्ष रूपमा बढाएको छ। नेपाल भूकम्पका हिसाबले ११ औं, बाढीको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसाबमा बिश्वमा चौथो जोखिमपूर्ण देशको रुपमा रहेको छ। नेपालमा विशेषगरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ, सडक दुर्घटना, असिना, हिम पहिरो, महामारी जस्ता मौसमी विपदबाट हरेक वर्ष लगभग बीस हजार भन्दा बढी परिवारहरु प्रभावित हुने गरेका छन्। विपद्‌बाट नेपालको शैक्षिक क्षेत्र प्रत्यक्ष एवं अप्रत्यक्षरूपमा प्रभावित हुने गर्दछ। विक्रम संवत् २०७२ को भूकम्प, २०७४को बाढी र २०७६ देखि २०७८ कोभिड -१९ महामारीका कारण शिक्षा क्षेत्रमा भौतिक र आर्थिक क्षतिका साथै पठनपाठन लामो समय अवरुद्ध भई दीर्घकालीन असर पारेको थियो। यसबाट देशैभरि ८३ लाख भन्दा बढी बालबालिकाको पठनपाठन प्रभावित भएको थियो जसले गर्दा परीक्षा प्रणालीमा आपत्‌कालीन व्यवस्था गर्नु परेको थियो। विमा नेपालमा आएको भूकम्पले आंशिक र पूर्ण रूपमा २०७२ .सं. ३५,००० कक्षाकोठा क्षतिग्रस्त भएका थिए। भूकम्पले ३५ हजार भन्दा बढी कक्षाकोठा ध्वस्त पारेपछि ३ देखि १८ वर्ष उमेर समूहका करिब ११ लाख बालबालिकाको पठनपाठनमा असर परेको थियो। उनीहरूले लामो समयसम्म स्थायी कक्षाकोठामा पढ्न पाएनन्। विक्रम सम्वत् २०७४ मा नेपालको तराई क्षेत्रमा आएको बाढीले दुई लाख बीस हजार बालबालिकाको शिक्षालाई असर पुऱ्याएको थियो। त्यस्ता विपद्‌बाट विद्यालयहरूलाई जोगाउन र ती विपद्को सामना गरी असर न्यूनीकरण गर्न विपद् जोखिम न्यूनीकरणका उपायहरू आवश्यक हुन्छन्। हावाहुरीले वर्षेनी विद्यालय भवनको छाना उडाउनुको साथै बाढी पहिरोले विद्यालय भवन परिसर डुबाउने, बगाउने, पुर्ने र उनेभत्का गरेको छ। बाढी पहिरो का कारण विद्यालय जाने बाटो बन्द भएर पनि पठनपाठनमा असर गरेको छ ।

बडीकेदार गाउँपालिका डोटी जिल्लाको पहाडी तथा दुर्गम स्थानीय तह हो, जहाँ भौगोलिक बनावट, कमजोर पूर्वाधार, जलवायु परिवर्तन तथा प्राकृतिक स्रोतमा आधारित जीविकोपार्जनका कारण विपद तथा जलवायु जोखिम उच्च रहेको पाइन्छ। यस गाउँपालिका पनि भूकम्प, बाढी, पहिरो, हावाहुरी, आगलागी, चट्याङ, सडक दुर्घटना, जंगली जनावरको आतंक जस्ता विभिन्न प्रकारका प्राकृतिक तथा गैर-प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेको छ। यी प्रकोपबाट वर्षेनी साना ठुला विपद्‌जन्य घटना भैरहेको छ। कोभिड–१९ महामारीका कारण विक्रम संवत २०७६ फागुन देखि २०७८ फागुनसम्म सबै तहको शैक्षिक क्रियाकलाप पूर्ण रूपमा अवरुद्ध हुनको साथै परीक्षा प्रणालीमा आपत्‌कालीन व्यवस्था गर्नुपऱ्यो जसका कारण शैक्षिक क्षेत्रमा दूरगामी प्रभाव परेको छ।

यस गाउँपालिकामा धेरै विद्यालयहरू भूकम्प, बाढी, पहिरो, हावाहुरी, आगलागी, चट्याङ लगायतका प्रकोपको जोखिममा रहेका छन् । कमजोर भौतिक संरचना भएका विद्यालय भवनमा भूकम्पको जोखिम अत्यधिक रहेको छ । विद्यालय सञ्चालन भएका समयमा भूकम्प गए त्यसबाट मानवीय क्षति हुन सक्ने सम्भावना बढी रहेको छ ।

## २.२ विद्यालयको विपद् सङ्कटासन्नता

बडीकेदार गाउँपालिका पहाडी तथा भिरालो भू–भागमा अवस्थित भएकाले यहाँका विद्यालयहरू भूकम्प, बाढी, पहिरो, हावाहुरी, चट्याङ जस्ता बहु-विपद् जोखिम तथा सङ्कटासन्न अवस्थामा रहेका छन् । पुराना तथा कमजोर भौतिक संरचना, विद्यालय भवन बाढी पहिरोको जोखिमयुक्त स्थानमा हुनु, विद्यालय भवन तथा परिसरमा चट्याङ तथा आगलागी निरोधक प्रणालीको अभाव, हावाहुरीको जोखिम रहेका क्षेत्रमा कमजोर छाना भएको भवन आदि कारणले बडीकेदार गाउँपालिकाका धेरै विद्यालयहरू सङ्कटासन्न अवस्थामा रहेका छन् ।

विद्यालय भवन र परिसर सुरक्षित हुँदाहुँदै पनि त्यहाँ जाने बाटोमा बाढी, पहिरो जस्ता प्रकोपको जोखिम भएर वा समुदायमा विभिन्न प्रकारका प्रकोपका कारण समेत विद्यालयमा पठनपाठन अवरुद्ध हुने गरेकोछ । विषेशगरी बडीकेदार गाउँपालिकाको शिर्सि, वराउँ क्षेत्र बाढीको उच्च जोखिममा रहेको छ ।

विद्यालय सञ्चालनको तौरतरीकाबाट पनि विपद्को जोखिम र प्रभावमा फरक पार्दछ । अत्यधिक गर्मी हुने याममा बिहान सबेरै पठनपाठन गरी दिउसोको चर्को घाममा छुट्टी गरेर जोखिम घटाउने रणनीतिलाई उदाहरणको रूपमा लिन सकिन्छ । विपद् जोखिमका दृष्टिले विद्यालयको सारांश विवरण तलको तालिका दिइएको छ :

**तालिका ३. विपद् जोखिममा रहेका विद्यालय विवरण**

| क्र.स. | विद्यालय भवनको विवरण | एकाइ | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | संख्या | ५४ | |
| २ | भूकम्पको जोखिममा रहेका विद्यालय | भवन | ५१ | |
| | | कक्षाकोठा | २१६ | |
| ३ | बाढीको जोखिममा रहेका विद्यालय | भवन | १ | |
| | | कक्षाकोठा | ८ | |
| ३ | पहिरोको जोखिममा रहेका विद्यालय | भवन | २० | |
| | | कक्षाकोठा | ६० | |
| ४ | चट्याङ्को जोखिममा रहेका विद्यालय | भवन | ५४ | |
| | | कक्षाकोठा | ५४ | |
| ५ | हावहुरीको जोखिममा रहेका विद्यालय | भवन | ५४ | |
| | | कक्षाकोठा | २५० | |

| | | | | |
|---|---|---|---|---|
| ६ | आगलागीको जोखिममा रहेका विद्यालय | भवन | ५ | |
| | | कक्षाकोठा | १५ | |
| ७ | जमिन भासिने जोखिममा रहेका विद्यालय | भवन | २० | |
| | | कक्षाकोठा | ६० | |

स्रोत: शिक्षा क्षेत्रको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यशाला गोष्ठी-२०८३

## २.३ विद्यार्थीको विवरण

विद्यार्थीको उमेर साथै शारीरिक मानसिक अवस्था अनुसार उनीहरूको ,विपद् सम्वेदनशीलता फरक पर्छ । कम उमेरका। अभिभावकको  अपाङ्गता भएका बालबालिकाहरू तुलनात्मक रूपमा बढी सङ्कटासन्न हुन्छन् , तामा फरक पार्छ । सामान्यतया कमजोर को सामना गर्ने क्षमआर्थिक अवस्थाले बालबालिकाको विपद्-सामाजिक सामाजिक अवस्था-आर्थिक भएका परिवारका बालबालिकाका तुलनात्मक रूपमा बढी सङ्कटासन्न हुन्छन् । त्यसैगरी समुदायको सँस्कृति र रहनसहनले पनि बालबालिकाको विपद् सङ्कटासन्नतामा प्रभाव पार्छ । छुवाछुत , दौडन नसकिने खालको लुगा लगाउने चलन आदिले समग्रमा प्रकोप  प्रकोपको समयमा सजिलै ,छाउपडी प्रथा सङ्कटासन्नता बढाउँछन् । तहगत र लिङ्गका आधारमा विद्यार्थी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४. तहगत र लिङ्गका आधारमा विद्यार्थी विवरण**

| तह | जम्मा | | | सामुदायिक | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| **बाल विकास** | ३२७ | ३२३ | ६५० | ३२७ | ३२३ | ६५० | 0 | 0 | 0 |
| **आधारभूत तह (१-८)** | १२३२ | १३८१ | २६१३ | १२३२ | १३८१ | २६१३ | 0 | 0 | 0 |
| **माध्यमिक तह (९-१२)** | ३०९ | २७६ | ५८५ | ३०९ | २७६ | ५८५ | 0 | 0 | 0 |
| **क्याम्पस तह** | ० | ० | ० | ० | ० | ० | 0 | 0 | 0 |
| **जम्मा** | **२०१५** | **२१३४** | **४१४९** | **२०१५** | **२१३४** | **४१४९** | **0** | **0** | **0** |

स्रोत: IEMIS 2083

**तालिका ५. उमेर र अपाङ्गताका आधारमा विद्यार्थी विवरण**

| क्र.स. | विद्यार्थी विवरण | जम्मा | | | सामुदियक | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ५ वर्ष सम्म | ३११ | ३३२ | ६४३ | ३११ | ३३२ | ६४३ | ० | ० | ० |
| २ | ६-१० बर्ष | ६८२ | ७१७ | १३९९ | ६८२ | ७१७ | १३९९ | ० | ० | ० |
| ३ | ११-१५ बर्ष | ६४४ | ७४४ | १३८८ | ६४४ | ७४४ | १३८८ | ० | ० | ० |
| ४ | १५ देखि माथि | २३१ | १८७ | ४१८ | २३१ | १८७ | ४१८ | ० | ० | ० |
| ५ | अपाङ्गता भएका विद्यार्थी | ७३ | १०१ | १७४ | ७३ | १०१ | १७४ | ० | ० | ० |
| | **जम्मा** | १९४१ | २०८१ | ४०२२ | १९४१ | २०८१ | ४०२२ | ० | ० | ० |

स्रोत: IEMIS 2083

## २.४ शिक्षकको विवरण

विपद् संवेदनशीलता वा उत्थानशील क्षमतामा शिक्षकशिक्षिकाको भूमिका महत्वपूर्ण हुन्छ। उनीहरूको बुझाई र , व्यवस्थापनमा विपद् सामना गर्ने क्षमता अभिवृद्धि गर्न निर्णायक भूमिका खेल्दछ। दक्षताले विद्यालयको विपद् दक्ष शिक्षक शिक्षिकाले विद्यार्थीहरू साथै समुदायको विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन क्षमता बढाउन सक्छन्। यसै भूमिकालाई दृष्टिगत गरी शिक्षा नीतिव्यवस्थापनका ले समाजको समग्र विकास र विपद् २०७६ , र्थी परिचालन गर्ने रणनीतिहरू तय गरेको छ।कार्य गर्न विद्यालयका शिक्षक र विद्या शैक्षिक तह अनुसार सार्वजनिक तथा निजी विद्यालयमा अध्यापनरत शिक्षक शिक्षिकाको सारांश विवरण ,तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ६. शिक्षक विवरण**

| क्र.स | शिक्षक विवरण | जम्मा | | | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| | **सामुदायिक तर्फ** | | | | |
| १ | बाल विकास तह | ५४ | ० | ५४ | |
| २ | आधारभूत तह | ५० | १३८ | १८८ | |
| ३ | माध्यमिक तह | ४ | २१ | २५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | क्याम्पस तह | ० | ० | ० | |
| ५ | सिकाइ केन्द्र | ४ | ० | ४ | |
| ६ | अपाङ्गता भएका शिक्षक | २ | ० | २ | |
| | **जम्मा** | **११४** | **१५९** | **२७३** | |

स्रोत: IEMIS 2083

## २.५ शिक्षा क्षेत्रका कर्मचारीको विवरण

शिक्षा क्षेत्रको विपद् व्यवस्थापनमा स्थानीय तह तथा सम्बन्धित विद्यालयमा कार्यरत शिक्षा क्षेत्रका कर्मचारीको भूमिका महत्वपूर्ण हुन्छ । यस बडीकेदार गाउँपालिका अन्तर्गतका विद्यालयमा कार्यरत कर्मचारीविवरण तलको तालिकामा गरिएको छ :

**तालिका ७. शिक्षा क्षेत्रका कर्मचारी विवरण**

| **क्र.स** | **कर्मचारी विवरण** | **जम्मा** | | | **कैफियत** |
|---|---|---|---|---|---|
| | | **महिला** | **पुरुष** | **जम्मा** | |
| | **सामुदायिक तर्फ** | | | | |
| १ | क्याम्पस तह | ० | ० | ० | |
| २ | माध्यमिक तह | २ | २ | ४ | |
| ३ | आधारभूत तह | १९ | १७ | ३६ | |
| ४ | अपाङ्गता भएका कर्मचारी | १ | ० | १ | |
| | **जम्मा** | **२२** | **१९** | **४१** | |

स्रोत: IEMIS 2083

## २.६ शिक्षण सामग्रीको लेखाजोखा

बालबालिकाहरुको शिक्षण सिकाइ क्रियाकलापलाई रोचक, प्रभावकारी र सहज बनाउनका लागि शिक्षण सामग्रीहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यी सामग्रीहरुको अभावमा शिक्षण सिकाइको उद्देश्य पूरा हुन सक्दैन । शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तर रुपमा संचालन गर्न तथा बालबालिकाले घर तथा समुदायमा नियमित सिकाइ गर्नका लागि शिक्षण सामग्री सबैको पहुँचमा हुन आवश्यक हुन्छ । सामान्य अवस्थामा समेत पाठ्यपुस्तक तथा अन्य शिक्षण सामग्रीको आपूर्तिमा चुनौतिहरू रहेका छन् । यस गाउँपालिका अन्तर्गत शिक्षण सामग्रीको न्युनतम मौज्दाद विवरण तलको तालिकामा आँकलन गरिएको छ :

**तालिका ८. शिक्षा क्षेत्रका लागि आपतकालीन सामग्रीको न्युनतम भण्डारण**

| क्र.स. | उपकरण/सामग्रीको सामग्री | जम्मा संख्या | कैफियत |
|---|---|---|---|
| १ | E C D किट | ३३ | ४-५ वर्षका बलबालिकाका लागि १ अस्थायि सिकाइ केन्द्रमा २५ जनाका लागि १ सेट चाहिन्छ |
| २ | स्कूल किट | २९ | कक्षा १-८ का ४० जना विद्यार्थीका लागि १ सेट |
| ३ | विद्यार्थी किट (आधारभूत तह) | ७० | कक्षा १-५ सम्मका १ जना विद्यार्थीका लागि १ सेट |
| ४ | विद्यार्थी किट (माध्यमिक तह) | ३३३२ | कक्षा ६-८ सम्मका १ जना विद्यार्थीका लागि १ सेट |
| ५ | शिक्षक किट | २१३ | कक्षा ५ सम्मका १२० विद्यार्थीका लागि २ सेट, कक्षा ६-८ सम्मका १२० विद्यार्थीका लागि २ सेट |
| ६ | अपाङ्गता भएका विद्यार्थीका लागि सामग्री | ० | |
| ७ | मनोरञ्जन किट | ४८ | कक्षा ५ सम्मका १२० विद्यार्थीका लागि २ सेट, कक्षा ६-८ सम्मका १२० विद्यार्थीका लागि २ सेट |
| ८ | खोज तथा उद्धार किट | १ | प्रति उद्धार टोली १ किट |
| ९ | पाठ्यपुस्तक (आधारभूत) | २७९९ | |
| १० | पाठ्यपुस्तक (माध्यमिक) | ५३३ | |

स्रोतः शिक्षा क्षेत्रको विपद पूर्वताग्री तथा प्रतिकार्य योजना तर्जुमा कार्यशाला-२०८३

+

# परिच्छेद ३: विपद्को परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य योजना

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह (गठन तथा संचालन) निर्देशिका-२०८० ले विपद्को प्रभावकारी रूपमा पूर्वतयारी र प्रतिकार्य गर्न मार्गनिर्देश गरे अनुसार यस बडीकेदार गाउँपालिकामा विगतमा भएका विपदका घटनाहरुको विश्लेषणका आधारमा सबैभन्दा सम्भावित भूकम्प, बाढी पहिरो र हावाहुरी को परिदृष्य तयार गरिएको छ।

सोही विपद परिदृष्यका आधारमा शिक्षा क्षेत्रको आपतकालीन अवस्थाको आवश्यकता, विद्यमान र अपुग क्षमताको विश्लेषण गरिएको छ सोहि अपुग क्षमता हासिल गर्नका लागि पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ :

## ३.१ भूकम्प

### ३.१.१ विपद परिदृष्य १: बडीकेदार गाउँपालिकामा भूकम्प

नेपालको सबै क्षेत्र भूकम्पीय जोखिममा रहेको हुनाले सुदूरपश्चिम प्रदेश अन्तर्गत पर्ने बडीकेदार गाउँपालिका पनि भुकम्पको उच्च जोखिममा रहेको छ। बडीकेदार गाउँपालिका भित्र रहेका भौतिक संरचनाहरु कमजोर र पूराना भएको हुँदा भुकम्प जान सक्ने सम्भावना भएकाले सो लाई आधार मानी परिदृश्य तयार पारिएको छ।

### ३.१.२ भुकम्पको घटना विवरण

बडीकेदार गाउँपालिका भूकम्पको उच्च जोखिम क्षेत्र मध्ये एक हो। यस गाउँपालिका अन्तर्गत पुराना तथा कमजोर भौतिक संरचना भएका विद्यालय भूकम्पको उच्च जोखिम रहेको देखिन्छ। यस गाउँपालिका अन्तर्गत भूकम्प विपदको ऐतिहासिक घटना विवरणलाई हेर्दा वि.स. २०७९ कार्तिक २३ गते राति २:१३ मा सुदूरपश्चिम प्रदेशको डोटी जिल्लाको खप्तड राष्ट्रिय निकुन्ज (खप्तड बाबाको आश्रम) केन्द्रविन्दु बनायर ६.६ रेक्टर स्केल भूकम्पले यस गाउँपालिकामा २० घरधुरी एवम् सार्वजनिक भवनहरु आंसिक रुपमा क्षति भएका थिए। गाउँपालिका क्षेत्रमा निर्माण भएका अधिकांस व्यक्तिगत तथा सार्वजनिक भवनहरु भूकम्प प्रतिरोधी संहिता अनुरुप नभएका हुँदा उक्त भूकम्पमा आंसिक क्षति भएका भवनहरु हाल बसोबास गर्न योग्य रहेका छैनन्। पुराना घर टहरामा बसोबास एवम् सार्वजनिक भवनमा सार्वजनिक सेवा प्रवाह प्रत्यक्ष रुपमा प्रभावित भएका थिए भने सोहि भूकम्पका कारण डोटी जिल्लाको पूर्वी गाउँपालिकामा ६ जना को मृत्यु भएको थियो। वि सं २०७९ मा डोटीको पूर्वी चौकी केन्द्र बिन्दु भएर आएको भूकम्पले बडीकेदार गाउँपालिकाका केही विद्यालयको भवनहरु चर्किएका थिए।

### ३.१.३ भुकम्पले शिक्षा क्षेत्रमा परेको असर

बडीकेदार गाउँपालिकामा विभिन्न समयमा आएका भूकम्पका कारण विद्यालयहरूमा प्रत्यक्ष रूपमा मानवीय क्षति नभए पनि शिक्षण–सिकाइ प्रक्रियामा उल्लेखनीय असर परेको थियो। भूकम्पपछिको अवस्थालाई व्यवस्थापन गर्नुपर्ने बाध्यता तथा संरचनागत जोखिमका कारण करिब ८ दिनसम्म विद्यालयहरूको पठनपाठन आंशिक अवरुद्ध भएको थियो उक्त भुकम्पको प्रभावले गर्दा विद्यार्थीहरुमा मानसिक त्रास पैदा देखिएको थियो

त्यसैले भविष्यमा यस्ता जोखिम न्यूनीकरणका लागि भूकम्प प्रतिरोधी विद्यालय भवन निर्माण, विद्यालय सुरक्षा योजना कार्यान्वयन, तथा नियमित पूर्वतयारी अभ्यासलाई प्राथमिकता दिन आवश्यक देखिन्छ।

## ३.१.४ भुकम्पको प्रतिकार्य रणनीति

बडीकेदार गाउँपालिकाको स्थानीय शिक्षा समूहले ४१४९ जना बिद्यार्थीको पठनपाठन सुचारु गर्न सहयोग गर्ने गरी तयारी गरेको छ। स्थानीय शिक्षा समूहले शिक्षा क्षेत्रको भुकम्पको विपद् पूर्वतयारी र प्रतिकार्यमा नेतृत्व गर्नेछ र समग्र विपद् पूर्वतयारी र प्रतिकार्यमा योगदान गर्नेछ। संघपूर्वतयारी र प्रतिकार्य योजनाका प्रदेश र स्थानीय विपद् , तालमेल गरी शिक्षा क्षेत्रको पूर्वतयारी र प्रतिकार्य योजना तर्जुमा गरी लागू गरिने छ। समूहको मुख्य सँगउद्देश्य किशोर ,प्रभावित विद्यालय जाने उमेरका सबै बालबालिका प्राथमिकता विपद् किशोरीको पठनपाठन र सिकाइ निरन्तर गर्नु पर्नेछ ।

विपद् प्रतिकार्य गर्न विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि शिक्षा समूह सञ्चालन कार्यविधि, २०८० बमोजिम बडीकेदार गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाको नेतृत्वमा स्थानीय शिक्षा समूह परिचालित हुनेछ। यस शिलशिलामा बडीकेदार गाउँपालिकाको स्थानीय शिक्षा समूह र अन्य विषयगत क्षेत्रका समूहसँग आवश्यक समन्वय र तालमेल गरी कार्यसञ्चालन गरिनेछ। स्थानीय शिक्षा समूहका मुख्य रणनीतिक क्रियाकलापहरू निम्न बमोजिम हुनेछन्।

१. भुकम्पबाट भएको क्षतिको लेखाजोखा गरी क्षति भएका र जोखिममा रहेका समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने
२. सम्बन्धित समुदाय तथा शैक्षिक संस्थाहरूलाई सजग र सतर्क रहन सूचित गर्ने,
३. विद्यार्थीहरुका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरु संकलन गरी पठनपाठनलाई निरन्तर गर्नका लागि आवश्यक व्यवस्थापन गर्ने
४. भुकम्प पछिको समय अवधिमा ,घण्टा ७२-२४-१२-६-३देखि ०)७२ घण्टा ,हप्ता २-२ हप्ता ३ - (महिना आदिक्रमशः गर्नुपर्ने क्रियाकलाप र समूहका सदस्यको जिम्मेवारी निर्धारण गरी कार्यान्वयन गर्ने ,
५. अपाङ्गता भएका विद्यार्थीहरुका लागि वैकल्पिक शिक्षण सिकाइ क्रियाकलापहरु (घुम्ती विद्यालय, स्वाअध्ययन सामग्री वितरण, गृह विद्यालय कार्यक्रम, भर्चुअल कक्षा, अस्थायी सिकाइ केन्द्र) सञ्चालन गर्ने
६. भुकम्प गएपछि प्रभावित क्षेत्रका विद्यालयको द्रुत लेखाजोखा गरी क्षतिको मूल्याङ्कन गर्ने र विद्यालय भवन र परिसरलाई सुरक्षित र असुरक्षित वर्गमा छुट्याउने,
७. आपत्कालीन शैक्षिक सामग्रीहरु संकलन तथा वितरण गर्ने,
८. शिक्षक तथा सहजकर्तालाई आवश्यक अनुशिक्षण र परामर्श प्रदान गर्ने,
९. विद्यालय र पठनपाठन पुनःसञ्चालन गर्न समुदायलाई परिचालन गर्ने,
१०. शिक्षाक्षेत्रको मानवीय सहयाता र आपत्कालीन पठनपाठन र सिकाइ सञ्चालनमा अन्तर्राष्ट्रिय न्यूनतम मापदण्ड )INEE ( पालना गर्ने ,गराउने ,

११. प्रभावित परिवारहरूको मानवीय आवश्यकता परिपूर्ति साथै बालबालिकाको संरक्षण, सरसफाइ, सरसामान, आश्रय, स्वास्थ्य र पोषण जस्ता साझा सरोकारका सवाल सम्बोधन गर्न सम्बन्धित समूहहरूसँग समन्वय र सहकार्य गर्ने

## ३.१.५ भुकम्प विपदको प्रतिकार्य गर्न आवश्यकता र विद्यमान क्षमता विश्लेषण

भुकम्प विपद्को परिदृष्य अनुसार शिक्षा क्षेत्रको विभिन्न पक्षमा स्थानीय शिक्षा समूहलाई चाहिने क्षमता र समूहको विद्यमान स्थितिको विवरण देहाय बमोजिम रहेको छ।

**तालिका ९. भुकम्प विपदको प्रतिकार्य गर्न आवश्यकताको विवरण**

| क्र.सं. | आवश्यकताको विवरण | एकाइ | आवश्यक परिमाण | कैफियत |
|---|---|---|---|---|
| **क** | **जनशक्ति** | | | |
| १ | विपद् प्रतिकार्य (खोज तथा उद्दार) तालिम प्राप्त जनशक्ति | संख्या | १९ | २२५ विद्यार्थी १ टोली |
| २ | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) टोली | संख्या | ६ | १० विद्यालय १ टोली |
| ३ | तालिम प्राप्त शिक्षक | संख्या | ५४ | प्रति विद्यालय १ जना विपद सम्पर्क शिक्षक |
| ४ | तालिम प्राप्त मनोसामाजिक परामर्श शिक्षक/GESI शिक्षक | संख्या | ५४ | प्रति विद्यालय १ जना मनोसामाजिक परामर्श शिक्षक |
| ५ | पालिका तहमा मनोसामाजिक परामर्शकर्ता | संख्या | १ | प्रति पालिका १ जना मनोसामाजिक परामर्शकर्ता |
| **ख** | **सामग्री तथा प्रविधि औजार** | | | |
| १ | ECD किट | संख्या | ३३ | २५ विद्यार्थीका लागि १ किट |
| २ | स्कूल किट | संख्या | १०४ | ४० विद्यार्थीका लागि १ किट |
| ३ | विद्यार्थी किट (आधारभूत तह) | संख्या | २७९९ | १ विद्यार्थीका लागि १ किट |
| ४ | विद्यार्थी किट (माध्यमिक तह( | संख्या | ५३३ | १ विद्यार्थीका लागि १ किट |
| ५ | शिक्षक किट | संख्या | १०४ | ४० विद्यार्थीका लागि १ किट |
| ६ | मनोरञ्जन किट | संख्या | ७० | १२० विद्यार्थीका लागि २ किट |

| | | | | |
|---|---|---|---|---|
| ७ | खोज तथा उद्धार किट | सेट | ५४ | प्रति उद्धार टोली १ किट |
| ८ | अपाङ्गता भएका विद्यार्थीका लागि सामग्री | सेट | ७० | प्रति विद्यार्थी १ सामग्री |
| **ग** | **आधारभुत भौतिक संरचना र सामग्री** | | | |
| १ | अस्थायी सिकाई केन्द्रका लागि सुरक्षित खुल्ला स्थल | संख्या | ५४ | प्रति विद्यालय १ खुल्ला स्थल |
| २ | अस्थायी सिकाई केन्द्रका लागि निर्माण सामग्री (कक्षा कोठा) | संख्या | ५४ | परिदृश्य अनुसार |
| **घ** | **लागत रकम** | जम्मा | १५ लाख | |
| १ | पूर्वतयारीका लागि आवश्यक रकम | रु. | ५ लाख | |
| २ | प्रतिकार्यका लागि आवश्यक रकम | रु. | १० लाख | |
| **ङ** | **संस्थागत संरचना** | | | |
| १ | विद्यालय विपद व्यवस्थापन समिति (SDMC) | संख्या | ५४ | सबै विद्यालयमा |
| २ | स्थानीय विपद व्यवस्थापन समिति (LDMC) | संख्या | १ | पालिका तहमा |
| ३ | वडा विपद व्यवस्थापन समिति (WDMC) | संख्या | ५ | सबै वडा तहमा |
| ४ | अन्य कार्यदल( खोज तथा उद्धार// प्राथमिक उपचार पूर्व सूचना /मनो सामाजिक परामर्श) | संख्या | ४ | विद्यालय र पालिका |

स्रोत: शिक्षा क्षेत्रको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यशाला गोष्ठी-२०८३

**तालिका १०. भुकम्प विपदको प्रतिकार्य गर्न उपलब्ध र अपुग क्षमता विवरण**

| क्र.स. | आवश्यकताको विवरण | एकाइ | आवश्यक परिमाण | उपलब्ध स्थान | | | | अपुग परिमाण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पालिका | विद्यालय | संस्था | जम्मा | |
| **क** | **जनशक्ति** | | | | | | | |
| १ | विपद् प्रतिकार्य (खोज तथा उद्दार) तालिम प्राप्त जनशक्ति | संख्या | १९ | १ | ३० | | ३१ | १२ |
| २ | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) टोली | संख्या | ६ | ० | ० | ० | ० | ६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | तालिम प्राप्त शिक्षक | संख्या | ५४ | ० | ३० | ० | ३० | २४ |
| ४ | तालिम प्राप्त मनोसामाजिक परामर्श शिक्षक/GESI शिक्षक | संख्या | ५४ | ० | ० | ० | ० | ५४ |
| ५ | पालिका तहमा मनोसामाजिक परामर्शकर्ता | संख्या | १ | १ | ० | ० | १ | ० |
| **ख** | **सामग्री तथा प्रविधि औजार** | | | | | | | |
| १ | ECD किट | संख्या | ३३ | ० | ० | ० | ० | ३३ |
| २ | स्कूल किट | संख्या | १०४ | ० | ० | ० | ० | १०४ |
| ३ | विद्यार्थी किट (आधारभूत तह) | संख्या | २७९९ | ० | ० | ० | ० | २७९९ |
| ४ | विद्यार्थी किट (माध्यमिक तह( | संख्या | ५३३ | ० | ० | ० | ० | ५३३ |
| ५ | शिक्षक किट | संख्या | १०४ | ० | ० | ० | ० | १०४ |
| ६ | मनोरञ्जन किट | संख्या | ७० | ० | ० | ० | ० | ७० |
| ७ | खोज तथा उद्धार किट | सेट | ५४ | ० | ० | ० | ० | ५४ |
| ८ | अपाङ्गता भएका विद्यार्थीका लागि सामग्री | सेट | ७० | ० | ० | ० | ० | ७० |
| **ग** | **आधारभुत भौतिक संरचना र सामग्री** | | | | | | | |
| १ | अस्थायी सिकाई केन्द्रका लागि सुरक्षित खुल्ला स्थल | संख्या | ५४ | १ | ५४ | | ५५ | -१ |
| २ | अस्थायी सिकाई केन्द्रका लागि निर्माण सामग्री (कक्षा कोठा) | संख्या | ५४ | ० | ० | ० | ० | ५४ |
| **घ** | **लागत रकम** | जम्मा | १५ लाख | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वतयारीका लागि आवश्यक रकम | रु. | ५ लाख | ५ लाख | ० | ० | ५ लाख | ० |
| २ | प्रतिकार्यका लागि आवश्यक रकम | रु. | १० लाख | १० लाख | ० | ० | १० लाख | ० |
| ङ | **संस्थागत संरचना** | | | | | | | |
| १ | विद्यालय विपद व्यवस्थापन समिति (SDMC) | संख्या | ५४ | ० | १५ | ० | १५ | ३९ |
| २ | स्थानीय विपद व्यवस्थापन समिति (LDMC) | संख्या | १ | १ | ० | ० | १ | ० |
| ३ | वडा विपद व्यवस्थापन समिति (WDMC) | संख्या | ५ | ५ | ० | ० | ५ | ० |
| ४ | अन्य कार्यदल | संख्या | ४ | ४ | ० | ० | ४ | ० |

स्रोत: शिक्षा क्षेत्रको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यशाला गोष्ठी-२०८३

## ३.१.६ भुकम्प विपद परिदृश्यका लागि शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना

परिदृष्य बमोजिम भुकम्पको पूर्वतयारी तथा प्रतिकार्य गर्न आधारभूत पूर्वतयारी तथा अग्रिम कार्यका साथै प्रतिकार्य योजना निम्न बमोजिम तयार गरिएको छ :

### ३.१.६.१ आधारभुत र सामान्य पूर्वतयारी कार्ययोजना )General Preparedness(

**तालिका ११. आधारभूत तथा सामान्य पूर्वतयारी कार्ययोजना**

| क्रियाकलाप | अपुग आवश्यकता | स्थान | समयावधि | जिम्मेवार निकाय/सँस्था | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| **जनशक्ति** | | | | | |
| **विपद् प्रतिकार्य (खोज तथा उद्दार) तालिम प्राप्त जनशक्ति** | १२ | बडीकेदार | आ.ब.२०८३/८४ | स्थानीय शिक्षा समूह | ४०,०००। |
| **प्रारम्भिक द्रुत लेखाजोखा (IRA) टोली** | ६ | बडीकेदार | आ.ब.२०८३/८४ | स्थानीय शिक्षा समूह | २०,०००। |
| **तालिम प्राप्त शिक्षक** | २४ | बडीकेदार | २०८३ भदौ मसान्त | स्थानीय शिक्षा समूह | ४८,०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| **तालिम प्राप्त मनोसामाजिक परामर्श शिक्षक/GESI शिक्षक** | ५४ | बडीकेदार | २०८३ भदौ मसान्त | स्थानीय शिक्षा समूह | ४८,०००। |
| **आधारभुत भौतिक संरचना र सामग्री** | | | | | |
| **ECD किट** | ३३ | बडीकेदार | २०८३ मंसिर १० गते सम्म | स्थानीय शिक्षा समूह | ३३,०००। |
| **स्कूल किट** | १०४ | बडीकेदार | २०८३ कार्तिक १५गते सम्म | स्थानीय शिक्षा समूह | २,०८,०००। |
| **विद्यार्थी किट (आधारभूत तह)** | २७९९ | बडीकेदार | २०८३ भदौ मसान्त सम्म | स्थानीय शिक्षा समूह | ३,००,०००। |
| **विद्यार्थी किट (माध्यमिक तह(** | ५३३ | बडीकेदार | २०८३ मंसिर २० गते सम्म | स्थानीय शिक्षा समूह | १०,००००। |
| **शिक्षक किट** | १०४ | बडीकेदार | २०८३ साउन मसान्त सम्म | स्थानीय शिक्षा समूह | १,०४,०००। |
| **मनोरञ्जन किट** | ७० | बडीकेदार | २०८३ भदौ मसान्त | स्थानीय शिक्षा समूह | ३५,०००। |
| **खोज तथा उद्धार किट** | ५४ | बडीकेदार | २०८३ साउन१० गते भित्र | स्थानीय शिक्षा समूह | ५४,०००। |
| **अपाङ्गता भएका विद्यार्थीका लागि सामग्री** | ७० | बडीकेदार | २०८३ मंसर २५ गते सम्म | स्थानीय शिक्षा समूह | ३५,०००। |
| **आधारभुत भौतिक संरचना र सामग्री** | | | | | |
| **अस्थायी सिकाई केन्द्रका लागि निर्माण सामग्री (कक्षा कोठा)** | ५४ | बडीकेदार | २०८३ साउन १० गते भित्र | स्थानीय शिक्षा समूह | १,०८,०००। |
| **संस्थागत संरचना** | | | | | |
| **विद्यालय विपद व्यवस्थापन समिति (SDMC)** | ३९ | बडीकेदार | २०८३ जेठ १० गते भित्र | स्थानीय शिक्षा समूह | ० |
| **जम्मा लागत रकम** | | | | | १०,२५,०००। |

### ३.१.६.२ भूकम्पको सामान्य पूर्वतयारी कार्ययोजना कार्यान्वयन गर्न स्रोत व्यवस्थापन

बडीकेदार गाउँपालिकाको सहयोगमा स्थानीय शिक्षा समूहका सदस्यहरूले अपुग स्रोत साधन र क्षमता परिपूर्ति देहाय बमोजिम गरिने छ :

- अपुग स्रोत साधन र क्षमता परिपूर्ति का लागि गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रम मा समावेश गर्ने
- गाउँपालिकाले निजि क्षेत्र संग समन्वय गर्ने
- विकास साझेदारी विभिन्न संघ संस्थाहरु
- प्रदेश सरकार संग समन्वय गर्ने
- संघीय सरकार संग आवश्यक समन्वय गर्ने

### ३.१.६.३ भुकम्प विपद परिदृश्यको प्रतिकार्य (कार्यविधि) योजना

बडीकेदार गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा भुकम्पबाट हुने विपद्का कारण अवरुद्ध भएको बालबालिकाहरुको शिक्षण सिकाइ क्रियाकलापलाई सुरक्षित वातावरणमा निरन्तरता दिनका लागि तपसिल बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ :

**तालिका १२. भुकम्प विपदको प्रतिकार्य योजना**

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| **-0७२ घण्टा** | | | | |
| **उद्दार टोली परिचालन गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्ने** | | बडीकेदार | स्थानीय शिक्षा समूह | ५००००। |
| **भुकम्प प्रभावित व्यक्तिहरुलाई प्राथमिक उपचारको व्यवस्था गर्ने** | | बडीकेदार | स्थानीय शिक्षा समूह | २००००। |
| **भुकम्प प्रभावित व्यक्तिहरुलाई आधारभूत आवश्यक्ताहरु तथा सुरक्षाको प्रत्याभूति प्रदान गर्ने (अस्थायी बसोबास,खाद्यान्न,औषधि,लत्ता कपडा व्यवस्थापन)** | | बडीकेदार | स्थानीय शिक्षा समूह | ५००००। |
| **कार्यपालिकाको बैठक वसी अवस्था विष्लेषण गरी आवश्यक जनशक्ति तथा बजेट व्यवस्थापन गर्ने** | | बडीकेदार | स्थानीय शिक्षा समूह | ० |
| **विद्यार्थीहरुलाई सुरक्षित साथ अभिभावकको जिम्मा लगाउने** | | बडीकेदार | स्थानीय शिक्षा समूह | ० |
| **७२ घण्टाहप्ता २-** | | | | |
| **फाराम प्रयोग गरी तोकिएको विधि अवम्वन गरी शिक्षाक्षेत्रको क्षति र तत्कालीन आवश्यकताको द्रुत मूल्याङ्कन गर्ने गराउने।** | | बडीकेदार | स्थानीय शिक्षा समूह | ० |
| **अस्थायी सिकाइ केन्द्र निर्माण गरी सिकाइ कार्य सुचारु गर्ने** | | बडीकेदार | स्थानीय शिक्षा समूह | ५००००। |
| **जनशक्ति तथा सामग्रीहरु सम्बन्धित अस्थायी सिकाइ केन्द्रमा पठाउने** | | बडीकेदार | स्थानीय शिक्षा समूह | २००००। |

| | | | |
|---|---|---|---|
| **२ हप्ताहप्ता ४-** | | | |
| **विद्यालय सञ्चालन गर्न विद्यालयलाई सहयोग गर्ने** | बडीकेदार | स्थानीय शिक्षा समूह | ० |
| **क्षति भएका संरचनाहरुको पुन निर्माण कार्य सुरु गर्ने** | बडीकेदार | स्थानीय शिक्षा समूह | १०००००। |
| **अनुमान तथा स्थितिको विश्लेषण गर्ने** | बडीकेदार | स्थानीय शिक्षा समूह | ० |
| **जनशक्ति तथा शैक्षिक सामग्री अपुग भएमा सोको व्यवस्थापन गर्ने** | बडीकेदार | स्थानीय शिक्षा समूह | ३००००। |
| **१ महिनामहिना ३-** | | | |
| **विद्यालयमै प्रत्यक्ष रुपमा भौतिक कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने** | बडीकेदार | स्थानीय शिक्षा समूह | ० |
| **विद्यालयलाई विपद् पूर्वको अवस्थामा फर्काउनका लागि आवश्यक कार्य गर्ने** | बडीकेदार | स्थानीय शिक्षा समूह | ० |
| **शिक्षक तथा प्रधानाध्यापकहरुका लागि मनोसामाजिक परामर्श तालिम प्रदान गर्ने** | बडीकेदार | स्थानीय शिक्षा समूह | २००००। |

## ३.१.६.४ भूकम्प विपदको लागि शिक्षा  निरन्तरता योजना

### तालिका १३. भुकम्प विपद्को लागि  शिक्षा निरन्तरता योजना

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| **२ देखि ४ हप्ता** | अस्थायी सिकाइ केन्द्रहरु मार्फत सिकाइ क्रियाकलापहरु सञ्चालन गर्ने | बडीकेदार | स्थानीय शिक्षा समूह | ० |
| **१ महिना देखि ३ महिना** | पाठ्यक्रम समायोजन ढाँचा तयार पारी सोका आधारमा शिक्षण गर्ने | बडीकेदार | स्थानीय शिक्षा समूह | ० |
| **१ महिना** | शिक्षक तथा विद्यार्थीहरुका लागि मनोसामाजिक परामर्श तालिम सञ्चालन गर्ने | बडीकेदार | स्थानीय शिक्षा समूह | २००००। |
| **३ महिना देखि** | अतिरिक्त कक्षा सञ्चालन गर्ने | बडीकेदार | स्थानीय शिक्षा समूह | ० |
| **३ महिना पछि** | भुकम्पका कारण क्षति भएका विद्याय भवनहरुको मर्मत तथा पुर्ननिर्माण गर्ने | बडीकेदार | स्थानीय शिक्षा समूह | ५००००। |

## ३.१.६.५ भुकम्पको अनपेक्षित विपद् परिस्थितिको लागि भैपरी योजना

### तालिका १४. भुकम्प विपद्को लागि भैपरी योजना

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| **१ महिना देखि ३ महिना** | आकस्मिक कोषको व्यवस्था | बडीकेदार | स्थानीय शिक्षा समूह | १०००००। |
| **१ महिना** | अभिभावक विद्यालय सहयोग योजना तयारी र कार्यान्वयन | बडीकेदार | स्थानीय शिक्षा समूह | |
| **३ महिना देखि** | आवश्यक शैक्षिक सामग्रीहरुको पूर्व भण्डारण | बडीकेदार | स्थानीय शिक्षा समूह | ५००००। |
| **३ महिना पछि** | शिक्षक तथा विद्यार्थीहरुका लागि विपद् व्यवस्थापन तालिम | बडीकेदार | स्थानीय शिक्षा समूह | ३००००। |
| **१ महिना देखि ३ महिना** | आपतकालीन  सामग्रीहरुको व्यवस्थापन | बडीकेदार | स्थानीय शिक्षा समूह | २००००। |

### ३.१.६.६ भुकम्प विपद् प्रतिकार्यमा लैङ्गिक, सामाजिक एवं समावेशिता र अपाङ्गता भएकाहरूको विशिष्ट आवश्यकताको सम्बोधन गर्न क्रियाकलाप र रणनीति

बडीकेदार गाउँपालिका अन्तर्गत अपाङ्गगता भएका विद्यार्थीको संख्या ७० जना रहेको छ । अपाङ्गताको प्रकृति बमोजिमको आवश्यकता सम्बोधन गर्न साथै विभिन्न प्रकारका प्रकोपका कारण हुन सक्ने थप अपाङ्गताको समेत मध्यनजर गरी विद्यालय स्तरमा नै तयारी गर्नु जरुरी हुन्छ । स्थानीय शिक्षा समूहले विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई मध्यनजर गरी ७० सेट किट व्यवस्था गर्ने र सोही अनुपातमा विद्यालयले तयारी गर्ने गरी योजना गरिएको छ :

**तालिका १५. भुकम्प विपद्को विशिष्ट आवश्यकताका योजना**

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| **३ महिना** | ७० सेट किट व्यवस्था गर्ने | बडीकेदार | स्थानीय शिक्षा समूह | ३५०००। |
| **६ महिना** | अपाङ्गतामैत्री भवन निर्माण गर्ने | बडीकेदार | स्थानीय शिक्षा समूह | २००००००। |
| **१ वर्ष** | अपाङ्गतामैत्री शौचालय निर्माण | बडीकेदार | स्थानीय शिक्षा समूह | ५०००००। |
| **६ महिना** | समावेशी सिकाइ ढाँचा सम्बन्धि तालिम प्रदान | बडीकेदार | स्थानीय शिक्षा समूह | २००००। |

### ३.१.६.७ सञ्चार तथा पैरवी योजना

**तालिका १६. भुकम्प विपद्को पूर्वतयारी चरणमा सञ्चार तथा पैरवी योजना**

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| **१ महिना** | रेडियो तथा सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गर्ने | बडीकेदार | स्थानीय शिक्षा समूह | २०००। |

| | | | | |
|---|---|---|---|---|
| **१ महिना** | श्रव्य दृष्य तथा छापा सामग्रीहरु मार्फत सचेतना फैलाउने | बडीकेदार | स्थानीय शिक्षा समूह | १००००। |
| **आ.अ.** | विपद् सम्बन्धि विद्यालयस्तरिय नाटक लगायतका अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने | बडीकेदार | स्थानीय शिक्षा समूह | १००००। |
| **६ महिना** | विपद् व्यव्थापनका लागि कृतिम घटना अभ्यास गराउने | बडीकेदार | स्थानीय शिक्षा समूह | ५०००। |

**तालिका १७. भुकम्प विपद्को आपत्कालीन अवस्थामा सञ्चार तथा पैरवी योजना**

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| **पहिलो हप्ता** | रेडियो तथा सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गर्ने | बडीकेदार | स्थानीय शिक्षा समूह | २०००। |
| **पहिलो हप्ता** | विपद् सम्पर्क शिक्षक र पालिकाको विपद् सम्पर्क व्यक्ति परिचालन गर्ने | बडीकेदार | स्थानीय शिक्षा समूह | ५०००। |

## ३.२ बाढी पहिरो

### ३.२.१ विपद परिदृष्य-२: बडीकेदार गाउँपालिकामा बाढी पहिरो

बडीकेदार गाउँपालिका बाढी पहिरोको उच्च जोखिम रहेको छ। वि सं २०८२ सालको मनसुन जेठ महिनाबाट शुरू भई असोज मसान्त सम्म रहने जल तथा मौसम विज्ञान विभागले अनुमान गरेको छ उक्त आँकलन अनुसार यस चार महिनाको मनसुनको अवधिमा देशका अधिकांश स्थानमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना रहेको थियो। बाढी पहिरोको घटना विवरण तयार गर्दा वि२० .सं.४० साल देखि वि.स.२०८१ सालसम्मको बाढी पहिरोलाई आधार मानेर परिदृष्य तयार गरिएको छ।

### ३.२.२ बाढी पहिरोको घटना विवरण

बडीकेदार गाउँपालिकामा विभिन्न समयमा आएका बाढी पहिरो मध्ये सबैभन्दा ठुलो २०४० सालमा आएको बाढी पहिरोले असर गरेको थियो जसको कारण ३ घर र ४ जना मानवीय क्षति समेत भएको थियो। यसैगरी विभिन्न समयमा आएको बाढीका कारण सडक खण्ड अवरुद्ध हुनुका साथै विद्यालय भवन र परिसर सुरक्षित हुँदाहुँदै पनि त्यहाँ जाने बाटोमा बाढीपहिरो जस्ता प्रकोपको जोखिम भएर वा समुदायमा विभिन्न प्रकारका , प्रकोपका कारण समेत विद्यालयमा पठनपाठन अवरुद्धभएको थियो। यस गाउँपालिकामा बाढी पहिरो का ऐतिहासिक घटना विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १८. बाढी पहिरो विपदको ऐतिहासिक घटना विवरण**

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|---|---|
| बडीकेदार गाउँ पालिका वडा न.-१ | | | | | | | |
| पहिरो | २०८१/०४ | विपी नगर देखि देवली, | मुख्य पक्की सडक भासियको, | देवली विद्यालयको भवन जोखिम, स्याली गुत्रैलको केही घर भत्कीएको | | | |
| पहिरो | २०८१ /०४ | पालचिउरी गुनकोट अलाडी देखि रुमाइन देवली | चर्केको, ३ वटा झुलुग्य पुलमा क्षेती, ५ घर तथा क्षेती | | घर भत्कीएको तथा पोखरी बगाएको | | खेती योग्य जमीन भासिएको तथा ५ कट्ठा जमीन पटानी भएको |
| बाढी | २०८१/०४ | देवली, रिसेडी वेखाटा विपी नगर रुमाइल | सबै स्थानका क्षेती, बाढी ले सडक र खेत गरी जन धनको क्षेती | देवलीको चमरखेत सलीखेत स्यालतडि सेलेनी, रिसेडीको घटेखोला खेत, चौपता, एयोर खेत, वि. पी नगरका चिम्चे, रुमाइल क्षेती | | | |
| बडीकेदार गाउँ पालिका वडा न.-२ | | | | | | | |
| पहिरो | २०४०/०५ | गर्भुजा | | | १२ लाख | १ जनाको मृत्यु | १० रोपनी पहिरोले बगाएको धनवाली नष्ट |
| पहिरो | २०८१र ०६ | विनेशड | करिब १२० रोपनी खेत बगाएको | | करिब ५० लाख बराबरको धान वालि नष्ट भएको | | |
| बाढी | २०८१र ०५ | ठुलीगाड | ८ ओटा गोठ बगाएको | | | | ८० रोपनी बाढीले बगाएको |
| बडीकेदार गाउँ पालिका वडा न.-३ | | | | | | | |
| पहिरो | २०४०/०२ | मल्लो घाडगल | २ ओटा घर बगाएको | पानीको धाराहरु बगाएको | घर, गोठ बगाएको | ३ जना मानिसको | ५० रोपनी खेती योग्य |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | मृत्यु | जमिन बगाएको |
